# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस विज्ञप्ति

२०७६ चैत्र २०

## नागरिकको मानव अधिकार सुनिश्चित गर ।

देशको अन्तर्राष्ट्रिय सीमासम्म आइपुगी अझै अलपत्रको स्थितिमा रहेका आप्रवासी कामदारलगायत सबै नेपाली नागरिकहरुको अवस्था सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । कोभिड-१९ का कारण नेपाल लगायत विश्व नै 'लकडाउन'को अवस्थामा रहेको समयमा आफ्ना नागरिकको सुरक्षा र आधारभूत मानव अधिकारको सम्मान र संरक्षण गर्नु सरकारको प्रमुख दायित्व हुन आउँछ । विदेशमा रोजगारी, गाँस र बासको समस्या भई घर फर्केका नेपालीहरुको आवश्यक स्वास्थ्य परीक्षण गरी निश्चित मापदण्ड अनुरुप स्वदेशभित्रै बस्न पाउने वातावरण सिर्जना गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

सङ्कट र सन्त्रासको परिस्थितिमा नागरिकका सबै अधिकारहरु सामान्य अवस्थामा झैं निर्वाध रुपमा प्रचलन हुन कठीन हुने भए तापनि संविधान र कानुनले व्यवस्था गरेका आधारभूत अधिकारहरुको प्रचलनमा सरकार गम्भीर हुनै पर्दछ । यसका लागि आवश्यक स्रोत र साधनको परिचालन तथा सम्बन्धित निकायहरु बीच यथेष्ठ र शीघ्र समन्वयको समेत आयोग अपेक्षा गर्दछ । हालको विषम परिस्थितिमा नेपाल सरकारबाट नेपालको संविधानको धारा ५२ तथा नेपाल पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९६६ को धारा १२ (२) र (४) को सम्मान हुनुपर्दछ । साथै, मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २९ र नेपालको संविधानको धारा ४८ बमोजिम नागरिकहरुले पनि आफ्नो कर्तव्य पूरा गरी सरकारबाट तोकिएका मापदण्डहरुको पालना गर्न आयोग अनुरोध गर्दछ ।

कुनै पनि कठीन परिस्थितिमा हरेक देशका नागरिकहरुले सरकारबाट थप भरोसाको अपेक्षा गर्ने भएकोले सीमा क्षेत्रमा आइपुगेका तर स्वदेश प्रवेश गर्न नदिई फर्काइएका नेपालीहरुको स्वास्थ्य, बसोबास तथा खाद्य आपूर्तिको व्यवस्था सम्बन्धमा उच्चस्तरीय सरकारी प्रतिनिधिले अनुगमन गरी निजहरुको सम्मानजनक अवस्थाको सुनिश्चित गरी घर फर्कने वातावरण सिर्जना गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

...............

वेद भट्टराई

सचिव/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org